# मरिण गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

कपिलाकोट, सिन्धुली
बागमती प्रदेश

पत्र संख्याः-२०८१/०८२

## एकल पुरूष निर्वाह भत्ता वितरण गर्ने प्रयोजनार्थ नयाँ आवेदन संकलन तथा नवीकरण सम्बन्धी अत्यन्त जरुरी सूचना

*(प्रकाशित मितिः-२०८१/०४/१५)*

मरिण गाउँपालिकाको आ.व. २०८१/८२ को नीति, कार्यक्रम तथा बजेटमा उल्लिखित एकल पुरूष भत्ता वितरण कार्यक्रम कार्यान्वयानार्थ मरिण गाउँपालिका स्थायी ठेगाना भई बसोबास गरिरहेका {(५० वर्ष उमेर पूरा गरेका तर ६८ वर्ष नपुगेका (दलितको हकमा ५० वर्ष उमेर पूरा गरेका तर ६० वर्ष नपुगेका) तथा अविवाहित पुरुषको हकमा ४५ वर्ष उमेर पूरा गरेका तर ६८ वर्ष नपुगेका (दलित अविवाहित पुरुषको हकमा ४५ वर्ष उमेर पूरा गरेका तर ६० बर्ष नपुगेका)} नागरिकहरूले मरिण गाउँपालिकाको एकल पुरुषलाई निर्वाह भत्ता वितरण सम्बन्धी कार्यविधि, २०७९ को दफा ८ बमोजिम देहायका कागजातहरू संलग्न गरी सम्बन्धित वडा कार्यालयहरूमा १५ (पन्ध्र) दिन भित्र आवेदन दिन हुन यो सूचना प्रकाशित गरिएको छ।

<u>तपसिल</u>

| क्र.सं. | लाभान्वित वर्ग | नयाँ आवेदनको हकमा | नवीकरणको हकमा | कै. |
|---|---|---|---|---|
| १. | एकल पुरुष अन्य (५० वर्ष उमेर पूरा गरेका तर ६८ वर्ष नपुगेका) | ❖ आवेदन<br>❖ नागरिकताको प्रतिलिपि<br>❖ पासपोर्ट साइजको फोटो २ प्रति<br>❖ पत्नीको मृत्यु दर्ता प्रमाणपत्रको प्रतिलिपि एवं पत्नीको अन्यत्रै विवाह हुन गई एकल हुन पुगेको प्रमाण (सरजमिन मुचुल्का)<br>❖ अन्य आवश्यक कागजात एवं प्रमाणहरू | ❖ आवेदन<br>❖ पासपोर्ट साइजको फोटो २ प्रति<br>❖ सम्बन्धित वडाले स्थायी बसोबासी एवं अविवाहित यकिन गरी गाउँपालिकामा सिफारिस गर्ने | |
| २. | एकल पुरुष दलित (५० वर्ष उमेर पूरा गरेका तर ६० वर्ष नपुगेका) | ❖ आवेदन<br>❖ नागरिकताको प्रतिलिपि<br>❖ पासपोर्ट साइजको फोटो २ प्रति<br>❖ पत्नीको मृत्यु दर्ता प्रमाणपत्रको प्रतिलिपि एवं पत्नीको अन्यत्रै विवाह हुन गई एकल हुन पुगेको प्रमाण (सरजमिन मुचुल्का)<br>❖ अन्य आवश्यक कागजात एवं प्रमाणहरू | ❖ आवेदन<br>❖ पासपोर्ट साइजको फोटो २ प्रति<br>❖ सम्बन्धित वडाले स्थायी बसोबासी एवं अविवाहित यकिन गरी गाउँपालिकामा सिफारिस गर्ने | |
| ३. | अविवाहित एकल पुरुष अन्य (४५ वर्ष उमेर पूरा गरेका तर ६८ वर्ष नपुगेका) | ❖ आवेदन<br>❖ नागरिकताको प्रतिलिपि<br>❖ पासपोर्ट साइजको फोटो २ प्रति<br>❖ अविवाहित एकल पुरुष जनिने प्रमाण (सरजमिन मुचुल्का)<br>❖ अन्य आवश्यक कागजात एवं प्रमाणहरू | ❖ आवेदन<br>❖ पासपोर्ट साइजको फोटो २ प्रति<br>❖ सम्बन्धित वडाले स्थायी बसोबासी एवं अविवाहित यकिन गरी गाउँपालिकामा सिफारिस गर्ने | |
| ४. | अविवाहित एकल पुरुष दलित (४५ वर्ष उमेर पूरा गरेका तर ६० वर्ष नपुगेका) | ❖ आवेदन<br>❖ नागरिकताको प्रतिलिपि<br>❖ पासपोर्ट साइजको फोटो २ प्रति<br>❖ अविवाहित एकल पुरुष जनिने प्रमाण (सरजमिन मुचुल्का)<br>❖ अन्य आवश्यक कागजात एवं प्रमाणहरू | ❖ आवेदन<br>❖ पासपोर्ट साइजको फोटो २ प्रति<br>❖ सम्बन्धित वडाले स्थायी बसोबासी एवं अविवाहित यकिन गरी गाउँपालिकामा सिफारिस गर्ने | |

*पुनश्चः- प्रत्येक वडाहरूले आवेदनको म्याद समाप्त भएको मितिले ५ (पाँच) दिन भित्र वास्तविक एकल पुरुषहरू यकिन गरी प्रमाणित कागजातहरूका साथ सिफारिस सहितको विवरण गाउँ कार्यपालिकाको कार्यालयमा उपलब्ध गराउन हुन ।*

२०८१/०४/१५

ओम बहादुर दर्जी
प्रमुख प्रशासकीय अधिकृत